# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०७८।०७९
चलानी नम्बर : ९७८४

मितिः २०७८।११।०१

श्री वडा कार्यालयहरु (सबै)

**बिषयः न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन संकलन गर्ने बारे ।**

प्रस्तुत बिषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. २४० मिति २०७८।१०।२६ गतेको पत्रानुसार आगामी आर्थिक बर्ष २०७९।०८० को लागि न्यूनतम १०० दिनको रोजगारीमा संलग्न हुन इच्छुक न्यून आय भएका तथा स्वरोजगार समेत नरहेका १८ बर्ष देखि ५९ बर्ष उमेर समुहका वडाभित्र स्थायी बसोबास गर्ने बेरोजगार व्यक्तिहरुको २०७८ फागुन १ देखी फागुन मसान्त सम्म आवेदन फारम भर्नु भराउनु हुन निर्णयअनुसार अनुरोध छ ।

<u>फारम भर्दा आवश्यक पर्ने कागजपत्रहरु</u>

१. निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
२. निवेदकको सम्पुर्ण परिवारका सदस्यहरुको नागरिकता प्रतिलिपी (छुट्टिएर अलग बसेको सदस्य र विवाह भएर गईसकेको सदस्यको नागरिकता आवश्यक नपर्ने)
३. निवेदकको परिवारका सदस्यहरु मध्ये नागरिकता नबनाइसकेका सदस्यहरुको हकमा उनीहरुको जन्मदर्ता प्रतिलिपी
४. निवेदकको पासपोर्ट साइजको फोटो एक प्रति

पुनश्चः गत आ.ब. मा फारम भरेका तथा नविकरण गरेका व्यक्तिले समेत पुनः फारम भर्नुपर्नेछ । सम्पुर्ण प्राप्त आवेदनहरुलाई रोजगार व्यवस्थापन सूचना प्रणाली (Employment Management Information System- EMIS) मा रोजगार सेवा केन्द्रले प्रविष्ट गरेपछि मात्र कार्यान्वयन प्रक्रिया अगाडि बढाइने भएकोले फारममा भएका सम्पूर्ण तथ्याङ्क अनिवार्य रुपमा नभरेको खण्डमा सो आवेदन उपर कुनै कामकारबाही अगाडि बढाउन नसकिने कुरा समेत जानकारीको लागि अनुरोध छ ।

महेश भुसाल
रोजगार संयोजक

रमेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत

महेश भुसाल
रोजगार संयोजक

रमेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत


ई-मेलः malaraniruralmun@gmail.com / info@malaranimun.gov.np वेवसाईटः www.malaranimun.gov.np